कालिञ्चोक गाउँपालिका
Kalinchok Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

सुनखानी, दोलखा
वागमती प्रदेश, नेपाल

**नदीजन्य पदार्थ बिक्रीको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३।०६।०९

कालिन्चोक गाउँपालिकाको तपशिल अनुसारका क्षेत्रहरुमा बागमती प्रदेशको आर्थिक ऐन २०८३ को दफा ९ को उपदफा १ तथा अनुसूची ५ बमोजिम संकलन गरिने ढुंगा, रोडा ,ग्राभेल र बालुवाको शुल्कबाट आ.व. २०८३/०८४ मा प्राप्त हुने आय संकलन गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले प्रचलित कानुन बमोजिम दर्ता भएका ईच्छुक फर्म वा कम्पनीले फर्म नविकरण भएको प्रमाणपत्र , मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र पेश गरी कालिन्चोक गाउँपालिकाको कार्यालयबाट बोलपत्र फाराम खरिद गरि प्रत्येक ठेक्का नं. का लागि छुट्टाछुट्टै शिलबन्दी बोलपत्र तोकिएको अबधि र समयभित्र दर्ता गर्नका लागि सूचनाका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागीहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | उत्खनन् क्षेत्र | उत्खनन् परिमाण (घन मिटर ) | न्यूनतम ठेक्का अंक (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर (रु.) | बोलपत्र जमानत रकम र अवधि |
|---|---|---|---|---|---|
| KRM/NCB/Goods /Dolakha/ 02/2083/084 | गुमुखोला क्षेत्र (U/S 27°42'31.85"N, 86°08'51.43"E, D/S 27°42'22.49"N, 86°08'45.55"E,) | ९,२४० | २२,८२,२८० | ३००० | कबोल अंकको ३ प्रतिशत,१२० दिन |
| KRM/NCB/Goods /Dolakha/ 03/2083/084 | कोशीखेत क्षेत्र (U/S 27°41'34.45"N, 86°07'49.85"E, D/S 27°41'32.25"N, 86°07'38.57"E,) | १२,४२० | ३०,६७,७४० | ३००० | कबोल अंकको ३ प्रतिशत,१२० दिन |
| KRM/NCB/Goods /Dolakha/ 04/2083/084 | नागदह/मलेपु क्षेत्र (U/S 27°40'53.87"N, 86°06'32.46"E, D/S 27°40'58.64"N, 86°06'28.94"E,) | ७,९६५ | १९,६७,३५५ | ३००० | कबोल अंकको ३ प्रतिशत,१२० दिन |

**शर्तहरु :**

१.० फर्मको हकमा नविकरण भएको दर्ता प्रमाण पत्र ,मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र ,आब २०८१।०८२ को करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी बोलपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बैंक लिमिटेड सिंगटी शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं *28203000001001000001* (राजश्व शिर्षक नं. १४२२९ ,अन्य प्रशासनिक सेवा शुल्क वापत ) मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र कालिन्चोक गाउँपालिकाको कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिने छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको नगद रसिद वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नम्बरमा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्ने छ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२.० बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । आफुले कबोल गरेको अंकको ३ (तिन) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड,सिंगटी शाखामा रहेको धरौटी खाता नं. 28203000003001000001 मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नम्बर र नाम उल्लेख गरि सूचनामा उल्लेख भए अनुसार म्याद भएको विडवण्ड शिलबन्दी खाम साथ पेश गर्नुपर्ने छ ।

Sanjay
सञ्जय शिलाकोटी
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

३.० खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सवै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना,कामको विवरण,बोलपत्र विवरण ,प्रोपाईटरको नाम , ठेगाना,फोन नम्बर ,मोबाईल नम्बर समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजे भित्र हार्ड कपी दर्ता गर्नुपर्ने छ ।

४.० एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:०० बजे देखि कार्यालयका प्रतिनिधि,निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिने छ ।

५.० प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ११ औं दिन दिनको १२:०० बजे गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६.० बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७.० स्वीकृत बोलपत्रको सूचना पाएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमापत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य सम्झौता गर्दा बुझाउनुपर्नेछ । बाँकी ५० प्रतशितले हुने किस्ता रकम लाई दूई किस्तामा बिभाजन गरिने छ । उक्त ५० प्रतिशत रकमको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त “क” बर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८४ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैक ग्यारेन्टी (परफरमेन्स वन्ड) समेत पेश गर्नुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८.० यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र, उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बागमती प्रदेशको आर्थिक ऐन २०८३ को दफा ९ को उपदफा १ तथा अनुसूची ५,अन्य प्रचलित कानुन तथा मापदण्ड बमोजिम हुनेछ । यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

९. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने ,नगर्ने वा आंशिक स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुने छ ।

१०. कर शुल्क उठाउन आवस्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयंले गर्नुपर्ने छ । सवारी आवागमनलाई अवरोध हुनेगरी घाट राख्न पाईने छैन ।

११. यस ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०८४ साल जेष्ठ मसान्तसम्म कायम हुने छ ।

१२. ढुंगा गिटी वालुवा उत्खनन् , विकी तथा व्यवस्थापन सम्बन्धी मापदण्ड , २०७७ को अधीनमा रहि सम्झौताको सर्तहरु कायम गरी सोही अनुसार कार्यान्वयन गरिने छ ।

१३ अन्य विषय सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुनबमोजिम हुने छ ।

विस्तृत जानरकारीको लागि यस कार्यालयको website : kalinchowkmun.gov.np मा समेत हेर्न सकिनेछ

प्रमुख प्रशासकीय अधिकृत

सञ्जय शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत